नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा अर्थ मन्त्रालयका अनुसार ज्येष्ठ ३० गते १०,१८,९०८ थान विभिन्न मेडिकल उपकरणहरू, १२,४३६ एमटीक्यु अक्सिजन, ८ के.जी. कोभिड-१९ परीक्षण किट र ६,७१९ के.जी. स्यानिटाइजर लगायतका औषधीहरू पैठारी भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज र लुक्ला विमानस्थलवाट विभिन्न वायुसेवाले २२ आन्तरिक उडान भरी जम्मा ४७ संख्या यात्रुको उद्धार गरेको छ। कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या ११ रहेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार उपत्यकामा ५,४७७ सिलिण्डर र उपत्यका बाहिर ७,४५२ गरी कुल १२,९२९ सिलिण्डर अक्सिजनको उत्पादन भइरहेको छ। संयुक्त बजार अनुगमन टोलीबाट बजार अनुगमनकाक्रममा ६ वटा खाद्यान्न र स्वास्थ्य सामग्री पसलको अनुगमन गरी ४ वटालाई कारवाही गरी रू. २० हजार जरिवना गरिएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार डेनमार्कको विदेश मन्त्रालयले सार्वजनिक गरेको सूचना अनुसार डेनिस सरकारले २६ थान भेन्टिलेटर सहित विभिन्न स्वास्थ्य सामग्री छिट्टै नेपाललाई उपलव्ध गराउने भएको छ। चीनको तिब्वतस्थित गैर सरकारी संस्था गुड विल फाउन्डेसनले कोभिड-१९ महामारी विरुद्ध लड्न नेपाल सरकारलाई प्रदान गर्ने ५० थान अक्सिजन कन्सेन्ट्रेटर तातोपानी नाकामा आइपुगेकोले सो सामग्रीहरू आज साँझ बुझिलिन आवश्यक समन्वय गरिएको छ। चीनको युनान प्रान्तले नेपाललाई प्रदान गर्ने ४८,००० थान एन.नाइटिफाइव मास्क, १,१०,००० थान सर्जिमल मास्क र ३,८२० थान प्रोटेक्टिभ गार्मेन्ट (पिपिइ) जस्ता स्वास्थ्य सामग्रीहरू संशोधित समय तालिका अनुसार हिमालयन एयरलाइन्सको चार्टर्ड उडानबाट १४ जून २०२१ मा त्रिभुवन विमानस्थलमा आइपुग्ने जानकारी स्थानीय चिनियाँ दूतावासबाट प्राप्त भए बमोजिम सो स्वास्थ्य सामाग्रीहरू बुझिलिन आवश्यक समन्वय गरिएको छ। चीन सरकारले प्रदान गर्ने ६५० थान अक्सिजन कन्सेन्ट्रेटर, २०,००० थान अक्सिजन नेसल क्यानुला र २०,००० थान अक्सिजन फेस मास्क बेइजिङबाट नेपाल ल्याउनका लागि जुन २३ मा चार्टर उडानको व्यवस्थाका लागि आवश्यक समन्वय भैरहेको छ। गैर-आवासीय नेपाली संघ हङकङ्ले प्रदेश नं.१ लाई -५ थान, प्रदेश नं. २ लाई -५ थान, बागमती प्रदेशलाई -५ थान, गण्डकी प्रदेशलाई-१५ थान, लुम्बिनी प्रदेशलाई- ५ थान, कर्णाली प्रदेशलाई-१० थान र सुदुरपश्चिम प्रदेशलाई-५ थान) गरी जम्मा ५० थान अक्सिजन कन्सेन्ट्रेटरहरू तथा गैर-आवासीय नेपाली संघ मकाउले प्रदान गर्ने ५ थान अक्सिजन कन्सेन्ट्रेटर गरी जम्मा ५५ थान अक्सिजन कन्सेन्ट्रेटर १८-१९ जून २०२१ मा केरूङ-रसुवागढी नाकामा आइपुग्ने भएकोले उक्त स्वास्थ्य सामग्रीको भन्सार लगायत आयात सहजीकरणका लागि आवश्यक समन्वय भइरहेको छ।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.: - क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता र नियम पालनाका लागि ज्येष्ठ २७-२९ गतेसम्म ३९९ क्वारेन्टिन स्थलको अनुगमन गरि करिब १,००० बढी वेडहरूको अनुगमन गरिएको छ । अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन देशभर ५९५ वटा अनुमगन गरिएको छ । नेपाल प्रहरीका अनुसार स्थानीय प्रशासनले हालसम्म १०,७२७ अक्सिजन सिलिण्डर विभिन्न स्रोतबाट संकलन गरी १०,२०३ अक्सिजन सिलण्डर विभिन्न अस्पताललाई वितरण गरेको छ। विगत २ दिनमा स्थानीय प्रशासनबाट ५० अक्सिजन सिलिण्डर संकलन गरी ६४ वितरण भएको विवरण गरेको छ। निषेधको आदेश कार्यान्वन गर्ने सन्दर्भमा हाल सम्म १,५०,४०६ सवारी साधन र २२,५३७ व्यक्तिलाई नियमानुसार कारवाही गरिएको छ। विगत २ दिनमा निषेधाज्ञा उल्लघंन गर्ने ५,६२६ सवारी साधनलाई कारवाही गरिएको छ भने मास्क प्रयोग नगरी हिँडडुल गर्ने १०,९३६ जनालाई कारवाही गरेको छ। यही ज्येष्ठ २७-२९ गतेसम्म देशभरका विभिन्न सीमा नाकाहरूबाट ७,८४१ नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन् भने २९० जना विदेशी नागरिक त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट नेपाल प्रवेश गरेका छन्।

मिति : २०७८ जेठ ३०

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np